संवत २०८३ साल बैशाख ०८ गते बसेको कार्यपालिकाको बैठकका निर्णयहरु :

१. निर्णय नं. १, चन्द्रनगर गाउँपालिकाको कृषि, पर्यटन, रोजगार तथा पुर्वाधार विकासका लागि तपसिल अनुसारको आयोजना तथा कार्यक्रम संघीय सरकार संग माग गर्ने,

तपसिल

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम | स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | नाढीताल संरक्षण विकास, सौन्दर्यीकरण र सम्वर्द्धन | चन्द्रनगर गा.पा.- ६ र ७ | २५ करोड |
| २ | दलित सामुदायिक बस्ती निर्माण | चन्द्रनगर गा.पा.- ६ र ७ | ५ करोड |
| ३. | गौचरण खेल मैदान स्तरउन्नती | चन्द्रनगर गा.पा.- २ | ९ करोड |
| ४ | चनरगँज र मोहनगँज जोडने अधवारा खोलामा पुल निर्माण | चन्द्रनगर गा.पा.- ७, ब्रहम्पुरी गा.पा. | १० करोड |
| ५ | कटही खोलामा पुल निर्माण | | ५ करोड |
| ६ | वडकुर्वा कलावती र करमुहान जोडने गेरुका खोलामा पुल निर्माण | चन्द्रनगर गा.पा.-३ र ईश्वरपुर न.पा. | ५ करोड |
| ७ | गरहाटोल देखी कोरियाहीटोल, रतनपुर लघुवा हुदै गैर सम्म कालोपत्रे | चन्द्रनगर गा.पा.- ४ र १ | ३० करोड |
| ८ | कोरियाही टोल देखी मोहनपुर हुदै भलुवाहा सम्म कालोपत्रे | चन्द्रनगर गा.पा.- ३ र ५ तथा ब्रहम्पुरी गा.पा. | ३० करोड |
| ९ | चन्द्रनगर ब्रहमवावा देखी खडकाटोल हुदै कलावती सम्म कालोपत्रे | चन्द्रनगर गा.पा.- ७ र ३ | १३ करोड |
| १० | पक्की बाध र गेरुका खोलामा भुमिगत सिचाईका लागी पूर्वाधार निर्माण र स्तर उन्नती | चन्द्रनगर गा.पा.- ३ र ईश्वरपुर न.पा. | १० करोड |

निर्णय नं. २ : निशुल्क कम्प्युटर तालिम संचालन गर्ने ।

निर्णय नं. ३ : निःशुल्क टियुशन संचालन कार्यविधि बनाउने ।

निर्णय नं. ४ : निर्वाचित जनप्रतिनिधि, कर्मचारी, शिक्षक र स्वास्थयकर्मीहरुको अनिर्वाय उपस्थितिमा महिनाको प्रत्येक पहिलो र तेस्रो शुक्रवार २ बजे देखी ऐतिहासिक, पौराणिक, प्राकृतिक निर्मित नाढीमन ताल (यक्ष दह) सरसफाई माहाअभियान संचालन गर्ने ।

निर्णय नं. ५ : चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र स्वास्थय वीमा विस्तारको लागी स्वास्थय शाखा संग समन्वय गरी स्वास्थय वीमा सहयोगी लाई सकृय बनाउने र रिक्त ठाउमा नयाँ भर्ना गरी स्वास्थ्य विमालाई प्रभावकारी बनाउने ।

निर्णय नं. ६ : चन्द्रनगर गाउँपालिका वडा नं. ३ कलावती बजारमा ईश्वरपुर न.पा.बाट अनुमती लिई यस गाँउपालिकाको क्षेत्रभित्र कलावती एकेडेमी ई.वो. स्कुल संचालन गरिरहेको भनि उजुरी प्राप्त भएको हुँदा सो स्कुललाई आफनै क्षेत्रभित्र ठाउ सार्न लगाउने ।

निर्णय नं. ७ : जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट समेत सो जग्गाहरु संरक्षण र नियन्त्रण गर्नुपर्ने भनि उल्लेख भई आएको हुँदा आ आफनो वडाहरुवाट सार्वजनिक जग्गाहरु खोजी सो जग्गाहरु संरक्षण र नियन्त्रण गर्ने ।

निर्णय नं. ८ : वालविवाह अन्तयको लागी अभिभावकज्यूहरुले निर्वाह गर्नु भएको भुमिका प्रति समानको लागी

CamScanner

जेष्ठ ९ र १० गते कार्यक्रम संचालन गर्ने र सो कार्यक्रममा संघीय सरकारको उपसभामुखलाई प्रमुख अतिथीका् रुपमा आमन्त्रण गर्ने ।

निर्णय नं. ९ : तपसिल अनुसारको लिंक रोडहरुको लागत अनुमान रु ६,९९,४४,९२९.४०/ प्राप्त भएको हुदाँ सो लिंक रोडहरुको कालेपत्रे गर्ने कार्यको विधुतीय माध्यमको वोलपत्र प्रकाशन गर्ने

तपसिल

१. लोदवा देखी गोसवरिया सम्म नाला सहितको कालोपत्रे ।

२. वडा अध्यक्ष रामेश्वर प्रसाद महतोको घर देखी सत्यनारायण रायको पोखरी सम्म नाला सहितको कालोपत्रे ।

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner